कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुरबाँके ,

लुम्बिनी प्रदेश, नेपाल

Google Plus Code

5MXQ+5CJ

Kohalpur

पत्र सं:. २०८१/८२

चलानी नं:. १५३५

**विषय : शिक्षण सिकाइ सहजकर्ता आवश्यकता सम्बन्धमा।**

प्रथम पटक प्रकाशित मिति : २०८१/०८/१६

कोहलपुर नगरपालिका शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को बुदाँ ७ बमोजिम देहायको पदमा पदपूर्ति प्रयोजर्नका लागि योग्यता पुगेका उम्मेदवारहरूबाट मिति २०८१ मंसिर २२ गतेसम्म दरखास्त आह्वान गरिन्छ।

**तपसिल :**

| क्र. सं. | पद/तह | विषय | संख्या | विज्ञापन नं | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | शिक्षण सिकाइ सहजकर्ता (माध्यमिक तह ) | विज्ञान | १ | ०१/०८१/८२ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण। |
| २ | शिक्षण सिकाइ सहजकर्ता (आधारभूत तह ) | विज्ञान | १ | ०२/०८१/८२ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |

**१. आवश्यक न्यूनतम योग्यता :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि।
- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

**२. उम्मदेवारले अनिवार्य रुपमा पेश गर्नु पर्ने थप आवश्यक कागजातहरू :**

- नगरपालिकाले निर्धारण गरेको दरखास्त फाराम। (शिक्षा तथा खेलकुद शाखाबाट लिन सकिने)
- माध्यमिक तहको लागि रु. १०००/- र आधारभूत तहको लागि रु. ७००/- को परीक्षा दस्तुर जम्मा गरेको सक्कल रसिद।
- कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा रहेको उम्मेदवारले नागरिकता वा बसाइसराइ वा वैवाहिक कारण कोहलपुरको स्थायी बासिन्दा हुने महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि।

**३. परीक्षा सम्बन्धी थप प्रावधान :**

- परीक्षाको माध्यम लिखित तथा मौखिक हुनेछ र आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।
- परीक्षा सम्बन्धी थप कार्यतालिका दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक गरिनेछ।
- परीक्षासम्बन्धी पाठ्यक्रम शिक्षण सिकाइ सहजकर्ता कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ। (कार्यविधि अनुसार शिक्षक सेवा आयोगले निर्धारण गरेको विषयगत परीक्षा र अन्तरवार्ता मात्र संचालन गरिनेछ भने सामान्य वा वस्तुगत परीक्षाको प्रावधान रहने छैन।)
- नगरपालिकाले निर्धारण गरेको ढाँचाको फोटो सहितको दरखास्त फाराम
- दरखास्त पेश गर्ने अन्तिम मिति २०८१/०८/२२ गते कार्यालय समयभित्र मात्र शिक्षा तथा खेलकुद शाखामा रीत नपुगेको र तोकिएको समयभन्दा पछि प्राप्त दरखास्त स्वीकृत गरिने छैन। दोब्बर दस्तुरको व्यवस्था छैन।
- सिकाइ सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को दफा १६ बमोजिम कायम गरिनेछ।
- लिखित परीक्षामा सफल हुने उम्मेदवारलाई करार सूचीमा राखी आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयमा खटाइनेछ।

............................

रामबहादुर हमाल

नि.प्रमुख प्रशासकीय अधिकृत